आ.व. २०८२/८३ | बैठक संख्या: ११/०८२/०८३
बैठक: गाउँ कार्यपालिका | मिति :२०८२/१२/१५
अध्यक्षता : गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्री | स्थान: झि.गा.पा. सभाहल
समय : बिहानको: ८:०० बजे

झिमरुक गाउँ कार्यपालिकाको बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय वमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| हस्ताक्षर | नाम,थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | गा.पा. अध्यक्ष | झि.गा.पा-३ | अध्यक्ष |
| | प्रमोद पोखेल | गा.पा. उपाध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | ध्रुवराज खनाल | वडा अध्यक्ष | झि.गा.पा-१ | सदस्य |
| | कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झि.गा.पा-२ | सदस्य |
| | मिनबहादुर खत्री | वडा अध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | सिताराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-४ | सदस्य |
| | दधिराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-५ | सदस्य |
| | धन बहादुर पुन | वडा अध्यक्ष | झि.गा.पा-६ | सदस्य |
| | कृष्ण बहादुर जि.सी. | वडा अध्यक्ष | झि.गा.पा-७ | सदस्य |
| | तुलस बहादुर बस्नेत | वडा अध्यक्ष | झि.गा.पा-८ | सदस्य |
| | संगिता परियार | द.महिला वडा सदस्य | झि.गा.पा-८ | सदस्य |
| | पार्वता बि.क. | द.महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | तुलसा के.सी. | महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | कल्पना थापा (एम.सी.) | महिला वडा सदस्य | झि.गा.पा-३ | सदस्य |
| | चोप बहादुर बि.क | अल्पसंख्यक सदस्य | झि.गा.पा-१ | सदस्य |
| | हरी सुनार | अल्पसख्यक सदस्य | झि.गा.पा-४ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | झि.गा.पा. | सचिव |

**अन्य उपस्थिति/आमन्त्रित**

| हस्ताक्षर | नाम,थर | पद |
|---|---|---|
| | विकास के.सी. | स्वास्थ्य शाखा प्रमुख |
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | यामलाल पोखेल | योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख |
| | अरविन्द महत | आर्थिक प्रशासन तथा राजश्व शाखा प्रमुख |
| | दामोदर उपाध्या | का.स. |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/११/१४ गते बसेको आ.व. २०८२/८३ को दशौं बैठकबाट बतासेडाँडा -मच्छी सडक खण्डमा पर्ने एच.टि र एल.टि लाईनको स्थानान्तरणको लागि स्रोतको सुनिश्चितता गरेको हुँदा उक्त कार्यको कार्यान्वयनको प्रक्रियामा रहेको, गाउँपालिकाको गौरबको आयोजना झिमरुक रिङ्गरोडको गुरुयोजना (Master Plan) वनाउने निर्णय भएकोमा उक्त कार्यको कार्यान्वयनको प्रक्रियामा रहेको, सडक वत्ती मर्मत तथा विस्तार गर्ने कार्यक्रम अन्तर्गत ८ वटै वडामा जडान भएका सोलर सडक वत्तीहरुको प्राविधिकबाट निरिक्षण गरिएको, कुभिण्डे लिफ्ट खानेपानी निर्माण आयोजनाको फरफारक पश्चात प्राविधिक लागत अनुमान गर्ने निर्णय भएकोमा उक्त योजनाको कार्य सम्पन्न भएको, वडा नं. ५ अन्तर्गतको योजनाको रकम रकमान्तर गरिएकोमा रकमान्तर भएका योजनाहरुको सम्झौताको कार्य सम्पन्न भएको, आर्थिक सहयोग उपलब्ध गराउने निर्णय अनुसार आर्थिक सहयोग उपलब्ध गराईएको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं २ LGPAS अन्तर्गतका सूचकहरु सम्वन्धमा ।**

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिह्रदरवार, काठमाडौंको च.नं.१४ मिति २०८२/०४/०८ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) कार्यान्वयन सम्बन्धी पत्रानुसार र स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ कार्यान्वयनको लागि सो सँग सम्बन्धित देहाय बमोजिमका सूचकहरुका सम्बन्धमा तपसिल बमोजिम भएको सर्वसम्वत निर्णय गरियो ।

<u>तपसिल</u>

१. झिमरुक गाउँपालिकाले आर्थिक वर्ष आ.व. २०८१/८२ मा कुनै रकम अवण्डा नराखिएको ।

२. झिमरुक गाउँपालिकाले आफ्नो क्षेत्राधिकार बाहेक कुनै कर नलगाएको र कर नउठाएको स्वघोषणा गरियो ।

३.आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न भएका २५२ वटा योजना/आयोजनाहरुको गाउँपालिका अध्यक्षको अध्यक्षतामा रहेको फरफारक समितिबाट फरफारक भएकोमा अनुमोदन गरियो ।

**प्रस्ताव नं. ३ स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार सम्वन्धमा ।**

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि व्यापक छलफल गर्दा झिमरुक गाउँपालिका ओखरकोट स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार भई सेवा प्रवाह गरी रहेकोमा थप १ स्थानमा प्रयोगशाला सेवा विस्तार गरी गुणस्तरीय सेवा उपलब्ध गराउन जनशक्ती र उपकरण समेत रहेको हुँदा बाँदिकोट .स्वास्थ्य चौकीमा प्रयोगशाला विस्तार गर्न ओखरकोट स्वास्थ्य चौकीमा कार्यरत ल्या.अ. २ जना मध्ये १ जनालाई उक्त स्वास्थ्य चौकीमा खटाई सेवा विस्तार गर्ने सर्वसम्मत निर्णण गरियो ।

अमरराज सेंजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं.४ कुभिण्डे लिफ्ट खानेपानी निर्माण र तामाखोली, सौतामारे लिफ्ट खानेपानी आयोजना सम्बन्धमा ।**

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ६ को कुभिण्डे लिफ्ट खानेपानी निर्माण आयोजना गाउँपालिकाबाट विनियोजन भएको बजेट रकमबाट निर्माण कार्य सम्पन्न नभएको हुँदा प्राविधिक लागत अनुमान तयार गर्दा रु १० लाख रकम आवश्यक रहेको र वडा नं. १ को तामाखोली, सौतामारे लिफ्ट खानेपानी आयोजना विगत बर्षदेखि खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट सञ्चालन हुँदै आएको र चालु आ.व.मा रु ४ लाख विनियोजन गरेकोमा उक्त रकमबाट सो योजना सम्पन्न नहुने र प्राविधिक लागत अनुमान गर्दा रु ६ लाख रकम आवश्यक हुने लागत अनुमान तयार भएकोले तपसिल अनुसारको शीर्षकबाट रकमान्तर गरी स्रोतको सुनिश्चित गर्ने र कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | घटाउने | | | | बढाउने/थप्ने | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | रकम रु | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | रकम रु |
| १ | नगरकोटी ब्रहामन्दिर पूर्वाधार निर्माण | ३११५९ | आन्तरिक श्रोत नगद | ५,००,०००। | कुभिण्डे लिफ्ट खानेपानी निर्माण | ३११५६ | १०,००,०००। |
| | आबधिक योजना निर्माण | २२४११ | ने.स. समानिकरण अनुदान | ४,००,०००। | | | |
| | सचिवालय व्यवस्थापन | २२५२२ | आन्तरिक स्रोत नगद | १,००,०००। | | | |
| २ | सुरक्षित महिनावारी स्वास्थ्य सम्बन्धी छात्राहरुलाई अभिमुखीकरण कार्यक्रम (सबै विद्यालयमा) | २२५२२ | आन्तरिक श्रोत नगद | ६,००,०००। | तामाखोली, सौतामारे लिफ्ट खानेपानी आयोजना | ३११५६ | ६,००,०००। |

**प्रस्ताव नं. ५ बहुक्षेत्रीय पोषण कार्यक्रम सम्वन्धमा ।**

**निर्णय नं.५**

प्रस्ताव नं ५ माथि व्यापक छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१०६ मिति २०८२/५/२९ गतेको पत्रबाट प्राप्त बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ अनुसार आ.व. २०८२/८३ को लागि मिति २०८२/९/२५ गते बसेको वहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट सिफारिस भै आएको तपसिलमा उल्लिखित कार्यक्रम सञ्चालन गर्न मिति २०८२/१०/२७ गतेको कार्यपालिकाको बैठकबाट सर्वसम्मत स्वीकृत प्रदान गरिएकोमा विविध कारणले उक्त कार्यक्रम सञ्चालन गर्न कठिनाई भएको हुँदा देहाय वमोजिमको कार्यक्रम संशोधनको लागि मिति २०८२/१२/१४ गते बसेको वहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट सिफारिस भै आएकोले कार्यक्रम सशोधन गरी निम्न वडा र गाउँमा नमुना गाउँ निर्माणको कार्यक्रम सञ्चालन गर्ने र विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारको लागि आयआर्जन कार्यक्रम सञ्चालनका लागि वडा र गाउँ छनोटको निर्णय सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

**तपसिल**

| साविक कार्यक्रमको नाम | रकम | हाल संशोधित कार्यक्रमको नाम | रकम | कार्यान्वयन हुने वडा र गाउँ निर्माण |
|---|---|---|---|---|
| पोषण मैत्री नमुना टोल निर्माण सम्बन्धमा सुनौलो हजार दिनका आमाहरुलाई अभिमुखीकरण | १,००,०००। | पोषण मैत्री नमुना गाउँ निर्माण | १,००,०००। | वडा नं.७ को थापचौर र वडा नं. ८ को टिमुरचौर गाउँ |

साथै विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारको लागि आयआर्जन कार्यक्रम सञ्चालनका लागि वडा नं.७ को थापचौरका १४ जना र वडा नं. ८ को टिमुरचौरका १४ जना गरी २८ जनालाई रु २५,०००। का दरले अनुदान उपलब्ध गराउन वडा र गाउँ छनोटको निर्णय सर्वसम्मत अनुमोदन गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ६ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत सञ्चालन हुने आयोजना सम्वन्धमा ।**

**निर्णय नं.६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको लागि आ.व. २०८२/८३ को लागि संघीय सरकारबाट हस्तान्तरित रु ३२ लाख ७२ हजार रकम स्वीकृत भई आएको हुँदा उक्त बजेट मध्येबाट वडा कार्यालयमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई क्रमिक रुपमा १०० दिन बराबर काममा लगाई ज्याला भुक्तानी गर्ने प्रयोजनको लागि प्रत्येक बडाबाट घटिमा १/१ लाखका ४/४ वटा आयोजनाहरु छनोट गरी गाउँपालिकाबाट म्याचिङ्ग गर्नु पर्ने भएमा कुन कुन आयोजनामा के कति म्याचिङ्ग गर्नु पर्ने हो सो समेत खुलाई लागत अनुमान तयार गरी वडा समितिबाट निर्णय गराई यथासिघ्र गाउँपालिकाको कार्यालयमा पठाउने र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन)निर्देशिका, २०८२ को प्रक्रिया पुरा गरी आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ विविध सम्बन्धमा ।**

**विविध (क) डि.पि.आर. भएका आयोजनाहरु कार्यान्वयनको लागि माग गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ७ (क)**

**प्रस्ताव नं. ७** विविध (क) माथि छलफल गर्दा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, लुम्विनी प्रदेश, बुटवलको च.नं.५३० मिति २०८२/१२/१० गतेको बैकल्पिक सडक योजनाहरु सिफारिस गरी पठाउने सम्वन्धी प्राप्त पत्रानुसार झिमरुक गाउँपालिका अन्तर्गत रहेका तपसिल बमोजिमका सडक तथा पक्की पुल निर्माणको लागि डि.पि.आर.तयार भएको हुँदा उक्त आयोजनाहरु आ.व. २०८३/८४ मा कार्यान्वयनको लागि स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, लुम्बिनी प्रदेश, बुटवलकामा वजेट विनियोजनको लागि माग गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१.सौतामारे फेदी गातिना पुल झिमरुक गाउँपालिका-१,प्युठान

२.गर्तङ्गखोलामा पक्की पुल झिमरुक-४ र ५ प्युठान

३.ढाड बाँदिकोट पुर्कोटदह मो.वा. (अन्तर जिल्ला जोड्ने) झिमरुक -५,३, २ र गुल्मी मदाने गा.पा.

४.झिमरुक रिङ्गरोड झिमरुक गाउँपालिका वडा नं. १,२,३,४,५,६,७ र ८

५.मच्छी टाँडापोखरी ओखरकोट बाँदिकोट पुर्कोटदह मो.वा.(अन्तर जिल्ला जोड्ने) झिमरुक -५,३, २ र गुल्मी मदाने गा.पा.

**विविध (ख) खेल मैदान सम्याउदा र मर्मत गर्दा भएको खर्च सम्बन्धमा ।**

**निर्णय नं. (ख)**

प्रस्ताव नं ७ विविध (ख) माथि छलफल गर्दा झिमरुक गाउँपालिका स्तरीय पाँचौ राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन गर्न नेपाने खेल मैदान सम्याउदा र मर्मत गर्दा भएको खर्च विनियोजन भएको वजेटबाट नपुग भएको हुँदा तपसिल बमोजिमको शीर्षकबाट रकमान्तर गरी रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | घटाउने | | | | बढाउने/थप्ने | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | रकम रु | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | रकम रु |
| १ | प्रारम्भिक वातावरणीय परीक्षण (IEE) निर्माण | २२४११ | ने.स. समानिकरण अनुदान | ८७,१५०। | खेल मैदान सम्याउदा र मर्मत गर्दा भएको खर्च झिमरुक -५ | ३११५९ | ८७,१५०। |

अमरराज सेंजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**विविध (ग) चिस्यान केन्द्रको सपोट वाल सम्बन्धमा ।**

**निर्णय नं. (ग)**

प्रस्ताव नं ७ विविध (ख) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ५ मा रहेको चिस्यान केन्द्र भवनको सपोटबाल पहिरोको कारण क्षेति भएको हुँदा उक्त भवन संरक्षणको लागि प्राविधिक लागत अनुमान अनुसार तपसिल वमोजिमको रकम रकमान्तर गरी मर्मत संभारको कार्य तत्काल अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | घटाउने | | | | बढाउने/थप्ने | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | रकम रु | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | रकम रु |
| १ | प्रारम्भिक वातावरणीय परीक्षण (IEE) निर्माण | २२४११ | ने.स. समानिकरण अनुदान | २,००,०००। | चिस्यान केन्द्रको सपोट वाल निर्माण योजना झिमरुक -५ | ३११५९ | २,६०,०००। |
| | जग्गा वर्गीकरण कार्यका लागि आवश्यक सेवा खरिद | २२४११ | ने.स. समानिकरण अनुदान | ६०,०००। | | | |

**विविध (घ) कार्यालयका सवारी साधन मर्मत सम्वन्धमा ।**

**निर्णय नं. ७ ( घ)**

प्रस्ताव नं ७ (घ)माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा रहेका चारपाङ्गे र दुईपाङ्गे सवारी साधनहरु मर्मत गर्दा झिमरुक गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८२ मा व्यवस्था भएको रकमको सीमा भन्दा वढी मर्मत खर्च हुने भएको हुँदा निम्न वमोजिमका सवारी साधन मर्मत गर्दा भएकोको खर्च रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | सवारी चालकको नाम र पद | सवारी नं. | मर्मत गर्नु पर्ने भएको कारण | लागत अनुमान अनुसार खर्च हुने रकम |
|---|---|---|---|---|
| १. | सरद रोका हलुका सवारी चालक | वा.१ झ ४५४६ | विभिन्न पाटपूर्जाहरु परिवर्तन गर्नुपर्ने | ३,४०, ०००। |
| २ | प्रकाश जि.सी. सब-ईन्जिनियर | रा.१ व. ३४९ | हाफ ईन्जिन तथा विभिन्न पाटपूर्जाहरु परिवर्तन | २७,०००। |
| ३ | टिकराज रोकाय ३ नं वडा सचिव | रा.१ व. ३७४ | ईन्जिन लगायत विभिन्न पाटपूर्जाहरु परिवर्तन | ३५,०००। |
| ४ | दिपेश महतरा ना.प.से.प्रा | लु.१ व. ३१०४ | विभिन्न पाटपूर्जाहरु परिवर्तन | २५,०००। |
| ५ | लिलाधर पोखेल सब-ईन्जिनियर | लु.१ व. २४०२ | विभिन्न पाटपूर्जाहरु परिवर्तन | २५,०००। |
| ६ | गाउँपालिकाको कार्यालयमा रहेको | बा.१ब ९३८९ | ईन्जिन लगायत विभिन्न पाटपूर्जाहरु परिवर्तन | ३५,२००। |
| ७ | गाउँपालिकाको कार्यालयमा रहेका | लु.१ व. १५५४ | ईन्जिन लगायत विभिन्न पाटपूर्जाहरु परिवर्तन | ४१,३००। |
| | | कूल जम्मा | | ५,२८,५००। |

अमरराज सेंजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**विविध (ङ) सडक मर्मतको लागि स्रोतको सुनिश्चितता सम्बन्धमा ।**

**निर्णय नं. ७ (ङ)**

प्रस्ताव नं ७ विविध (ङ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका ४ नं.वडा अन्तर्गतका मोटरबाटाहरु मर्मतको लागि रु ८ लाख रकम विनियोजन भएको र उक्त रकमबाट मोटरबाटाहरु मर्मत गर्दा रु ६ लाख ७८ हजार खर्च भई बाँकी रहेको रकमबाट दैनिक सवारी साधन सञ्चालन हुने केही मोटरबाटाहरु मर्मत गर्न रकम अपुग भएकोले आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमतर्फ झिमरुक गाउँपालिका भित्रका विभिन्न मोटरबाटो मर्मत शीर्षकमा विनियोजन गरिएको रकमबाट रु १ लाख ६० हजार स्रोतको सुनिश्चित गरी ४ नं. वडा अन्तर्गतका मर्मत गर्न बाँकी रहेका मोटरबाटाहरु मर्मत गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो । साथै अन्य वडाहरुका मोटरबाटो मर्मत गर्दा भएको खर्च र गाउँपालिकाको व्याक हु लोडर प्रयोग गरी मर्मत गर्दा भएको खर्चको विवरण वडा समितिबाट निर्णय गरी यथासिघ्र गाउँपालिकाको कार्यालयमा पेस गर्न वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**विविध ७ (च) आर्थिक सहयोग सम्वन्धमा ।**

**निर्णय नं. (च)**

प्रस्ताव नं च विविध माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिबाट आर्थिक सहायता मागको लागि पेस भई आएका निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट देहाय वमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरिया

**तपसिल**

| क्र.स. | आर्थिक सहयोग माग गर्ने व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १. | झिमरुक-६,निवासी रेशमा के.एम.को आर्थिक सहायता सम्बन्धी पेस गरेको निवेदन अनुसार | निवेदकको बाबु नुम बहादुर कुमालको मृगौला सम्बन्धी र फिलामा रहेको पुरानो घाउको समस्याबाट ग्रसित भई अस्पतालमा उपचाररत रहेकोले थप उपचार खर्चको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |
| २ | झिमरुक-१, सौतामारे निवासी निर बहादुर कामीको आर्थिक सहायता सम्बन्धी पेस गरेको निवेदन अनुसार | निवेदक घर निर्माण गर्ने क्रममा कच्ची घरको छानाबाट लडि मेरुदण्ड भाचिएको कारण अस्पतालमा उपचाररत रहेकोले थप उपचार गर्नको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |

**विविध ७ (छ) कार्यक्रमको रकम रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं. ( छ )**

**प्रस्ताव नं. ७** विविध (छ) माथि छलफल गर्दा आ.व. २०८२/८३ मा वडा नं. ५ मा कार्यान्वयन गर्नको लागि तपसिल वमोजिमको कार्यक्रमहरु स्वीकृत भएको तर विविध कारणले कार्यान्वयन हुन नसकेको हुँदा देहाय वमोजिम रकमान्तर गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| रकम रकमान्तर हुने आयोजना / कार्यक्रमहरुको विवरण | | | | |
|---|---|---|---|---|
| साविक कार्यक्रमको नाम | वडा नं | रकम | संशोधित आयोजना/ कार्यक्रमको नाम | रकम रु |
| स्वंय सिवका दवस कार्यक्रम | ५ | २०,०००। | पाईप खरिद वितरण योजना | ९०,०००। |
| नारी दिवस कार्यक्रम | ५ | ३०,०००। | | |
| दलित सशक्तिकरण कार्यक्रम | ५ | ४०,०००। | | |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**विविध ७ (ज) मदन भण्डारी राजमार्ग सम्बन्धमा ।**

**निर्णय नं. ( ज )**

**प्रस्ताव नं. ७** विविध (ज) माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गत झिमरुक-१ को सौतामारेदेखि झिमरुक-५ को मच्छीसम्मको क्षेत्रमा पर्ने मदन भण्डारी राजमार्गको निर्माणको काम हाल रोकिएको अवस्था रहेको हुँदा के कति कारण ले काम रोकिएको हो ? तालुक कार्यालय तम्घास, गुल्मीमा सम्पर्क गरी जानकारी लिने र उक्त राजमार्गमा धेरै खाल्डाखुल्डी भएका कारण दैनिक सवारी साधनको आवागमनमा निकै समस्या भएकोले तालुक कार्यालयलाई मर्मतको लागि अनुरोध गर्ने निर्णय गरियो । सो कार्यालयबाट राजमार्ग मर्मत हुने नहुने एकिन गरे पश्चात गाउँपालिकाबाट आवश्यक निर्णय लिने सर्वसम्मत निर्णय गरियो ।

**विविध ७ (झ) प्रोत्साहन रकम सम्बन्धमा ।**

**निर्णय नं. ( झ )**

**प्रस्ताव नं. ७** विविध (झ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाबाट निकासी हुने ६ चक्के प्रति ट्रकको रु १,०००। र ६ चक्के भन्दा माथि प्रति ट्रकको रु १२,०० का दरले काठको राजश्व संकलन गर्न ईलाका प्रहरी कार्यालय अन्तर्गतको मच्छी चेक पोष्ट लाई जिम्मा दिईएकोमा उक्त निकासी काठबाट संकलन भएको राजश्वको २० प्रतिशतले हुन आउने रकम करार सेवा पारिश्रमिक कर्मचारी शीर्षकबाट प्रोत्साहन बापत ईलाका प्रहरी कार्यालय अन्तर्गतको मच्छी चेक पोष्टलाई उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**विविध ७ (ञ) चिस्यान केन्द्र सञ्चालन सम्बन्धमा ।**

**निर्णय नं. ( ञ )**

**प्रस्ताव नं. ७** विविध (ञ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ५ मा रहेको चिस्यान केन्द्र सञ्चालनको निमित्त आवश्यक भौतिक पूर्वाधार व्यवस्थापनको लागि आ.व. २०८२/८३ मा रु २० लाख विनियोजन गरिएकोमा जेनेरेटर लगायत आवश्यक भौतिक पूर्वाधार व्यवस्थापनको लागि प्राविधिक लागत अनुमान अनुसार उक्त रकम अपुग हुने भएको हुँदा तपसिल वमोजिमको शीर्षकबाट रु ५ लाख रकमान्तर गरी कूल जम्मा २५ लाख कायम गर्ने र सो मध्ये रु १० लाख बाट चिस्यान केन्द्रमा आवश्यक पर्ने औजार उपकरण तथा अन्य सामाग्री व्यवस्थापन गर्ने र रु १५ लाख बाट चिस्यान केन्द्रको लागि जेनेरेटर खरिद गर्ने व्यवस्थाको लागि छिटो छरितो विधि अपनाई चिस्यान केन्द्र सञ्चालन गर्ने कार्य अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स. | घटाउने | | | | बढाउने/थप्ने | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | रकम रु | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | रकम रु |
| १ | जग्गा वर्गीकरण कार्यका लागि आवश्यक सेवा खरिद | २२४११ | ने.स. समानिकरण अनुदान | ५,००,०००। | चिस्यान केन्द्र सञ्चालनको निमित्त आवश्यक भौतिक पूर्वाधार व्यवस्थापन | ३११५९ | ५,००,०००। |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**विविध ७ (ट) हरियाली सिंचाई कुलो मर्मत तथा निर्माण सम्बन्धमा ।**

**निर्णय नं. ( ट )**

**प्रस्ताव नं. ७** विविध (ट) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ६ हुँदै प्यूठान नगरपालिका वडा नं. ९ खरिवोटसम्म जाने हरियालि सिंचाई कुलो बतासेडाँडा मच्छी सडक स्तरउन्नती गर्दा क्षति भएको हुँदा उक्त सिंचाई कुलो वडा नं. ६ मा मर्मत तथा निर्माण गर्न देहायको रकमान्तर गरी कार्यान्वयनको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स. | घटाउने | | | | वढाउने/थप्ने | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | रकम रु | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | रकम रु |
| १ | सचिवालय व्यवस्थापन | २२५२२ | आन्तरिक स्रोत नगद | ३,००,०००। | हरियाली सिंचाई कुलो मर्मत तथा निर्माण झिमरुक-६ | ३११५५ | ३,००,०००। |

**विविध ७ (ठ) स्थानीय हाटबजार सञ्चालन सम्बन्धमा ।**

**निर्णय नं. ( ठ )**

**प्रस्ताव नं. ७** विविध (ठ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा ५ को मच्छी वजारमा निर्माण गरिएको हाट बजार केन्द्रबाट हाटबजार सञ्चालन गर्नु पर्ने भएको हुँदा प्रत्येक महिनाको दोस्रो सनिबार र अन्तिम सनिबार हाट बजार सञ्चालन गर्ने र सबै वडा बस्तिबाट उत्पादित बस्तुहरु हाटबजारमा ल्याई विक्री वितरणको लागि व्यापक प्रचार प्रसार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध ७ (ड) करार सेवामा कार्यरत कर्मचारीहरुको मासिक पारिश्रमिक सम्बन्धमा ।**

**निर्णय नं. ( ड )**

**प्रस्ताव नं. ७** विविध (ड) माथि छलफल गर्दा झिमरुक गाउँपालिका र अन्तर्गतका कार्यालयमा करार सेवामा दरवन्दीमा कार्यरत कर्मचारीहरुको पद र तह अनुसार मासिक पारिश्रमिक नभएका कारण कर्मचारीहरुबाट पटक पटक गुनासो आई रहेको र न्यून पारिश्रमिकमा कामकाज गराउदा कर्मचारीहरुको मनोवल उच्च राखी काम प्रतिको जवाफदेही र जिम्मेवार बनाउन कठिनाई भएको हुँदा तपसिल वमोजिमका करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८२ साल चैत महिनादेखि लागुहुने गरी मासिक पारिश्रमिक देहाय अनुसार उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | नाम थर | पद | मासिक पारिश्रमिक |
|---|---|---|---|
| १ | सुवास घिमिरे | सूचना प्रविधि अधिकृत | ४५,८५१। |
| २ | मोहन बहादुर वि.क | अ.हे.व | ३२९०२। |
| ३ | राम बहादुर के.सी. | अ.हे.व | ३२९०२। |
| ४ | हरि बहादुर थापा | अ.हे.व | ३२९०२। |
| ५ | भगवती दाहाल | अ.न.मि. | ३२९०२। |
| ६ | सरस्वती घर्तिमगर | अ.न.मि. | ३२९०२। |
| ७ | संम्झना के.सी. | पोषण सहजकर्ता | ३२९०२। |

अमरराज मेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८ | सोनम के.सी | ल्याव असिष्टेट | ३२९०२। |
| ९ | बाबुराम के.सी | ल्याव असिष्टेन्ट | ३२९०२। |
| १० | रेशम जि.सी. | सुरक्षा गार्ड | २४७०२। |
| ११ | चुमान पुन | ब्याक हु लोडर चालक | २४७०२। |
| १२ | राधा जि.सी. | कार्यालय सहयोगी | २४७०२। |
| १३ | कमला खनाल | कार्यालय सहयोगी | २४७०२। |
| १४ | आशा जि.सी.(थापा क्षेत्री) | कार्यालय सहयोगी | २४७०२। |
| १५ | त्रिभुवन घिमिरे | कार्यालय सहयोगी | २४७०२। |
| १६ | त्रिभुवन जि.सी. | कार्यालय सहयोगी | २४७०२। |
| १७ | सुमन पोखेल | कार्यालय सहयोगी | २४७०२। |
| १८ | अशोक भट्टराई | कार्यालय सहयोगी | २४७०२। |
| १९ | मनिषा के.एम. | स्वीपर | २४७०२। |
| २० | कृष्ण बहादुर बस्नेत | कार्यालय सहयोगी | २४७०२। |
| २१ | यमसरी कामी | कार्यालय सहयोगी | २४७०२। |
| २२ | गिर बहादुर जि.सी | कार्यालय सहयोगी | २४७०२। |
| २३ | चित्रलाल गिरी | कार्यालय सहयोगी | २४७०२। |
| २४ | लिला जि.सी. | कार्यालय सहयोगी | २४७०२। |
| २५ | निशा गिरी विष्ट | कार्यालय सहयोगी | २४७०२। |
| २६ | लक्ष्मी वि.सी. | कार्यालय सहयोगी | २४७०२। |
| २७ | अनिता के.सी. | कार्यालय सहयोगी (अभियान कर्ता) | २४७०२। |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

१०७४।१२।१८

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत